आज मिति २०७९।११।१९ गतेका दिन विहान ११:०० बजेको समयमा यस लम्कीचुहा नगरपालिकाका नगर प्रमुख श्री सुशिला शाही ज्यूको अध्यक्षतामा नगर कार्यपालिकाको १३ औ बैठक बसी तपशीलको उपस्थितिमा देहाय बमोजिमका निर्णयहरु पारित गरियो।

तपशील

| क्र.सं. | नाम, थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री सुशिला शाही | नगर प्रमुख | |
| २ | श्री जुना चौधरी | नगर उपप्रमुख | |
| ३ | श्री नेत्र प्रसाद खनाल | अध्यक्ष वडा नं. १ | |
| ४ | श्री संतोष कुमार ओली | अध्यक्ष वडा नं. २ | |
| ५ | श्री लब बहादुर शाही | अध्यक्ष वडा नं. ३ | |
| ६ | श्री तारा प्रसाद अधिकारी | अध्यक्ष वडा नं. ४ | |
| ७ | श्री माया विष्ट | अध्यक्ष वडा नं. ५ | |
| ८ | श्री लोकेन्द्र कठायत | अध्यक्ष वडा नं. ६ | |
| ९ | श्री भगवानदिन चौधरी | अध्यक्ष वडा नं. ७ | |
| १० | श्री हरी प्रसाद चौधरी | अध्यक्ष वडा नं. ८ | |
| ११ | श्री राम प्रसाद चौधरी | अध्यक्ष वडा नं. ९ | |
| १२ | श्री हर्क बहादुर कठरिया थारु | अध्यक्ष वडा नं. १० | |
| १३ | श्री उजीर सिंह सुनार | कार्यपालिका सदस्य | |
| १४ | श्री सुमित्रा कुमारी चौधरी | कार्यपालिका सदस्य | |
| १५ | श्री ज्योती देवी वि.क. | कार्यपालिका सदस्य | |
| १६ | दुर्गा देवी उखेडा | कार्यपालिका सदस्य | |
| १७ | झपट सिंह वि.क. | कार्यपालिका सदस्य | |
| १८ | कोकिला देवी दमाई | कार्यपालिका सदस्य | |
| १९ | सेतु देवी कामी | कार्यपालिका सदस्य | |
| २० | दिपा देवी रावत | कार्यपालिका सदस्य | |
| २१ | शेर बहादुर बुढा | सचिव | |
| अन्य उपस्थितिः | | | |
| १ | प्रयागराज खनाल | सचिवालय प्रमुख | |
| | | | |

**प्रस्ताव नं. १ हाईमस्ट लाईट जडानको भेरियसन सम्बन्धमा।**

निर्णय नं. १ प्रस्ताव नं. १ माथि छलफल गर्दा लम्कीचुहा नगरपालिकाको कार्यालयद्वारा हाईमस्ट लाईट जडानको लागि बोलपत्र आह्वान भई नगर क्षेत्रका विभिन्न ५ पांच स्थानमा हाईमस्ट लाईट जडान कार्य भइरहेकोमा, वोलपत्र आह्वान भइ हाईमस्ट लाईट जडानको शिर्षकमा केही रकम बांकी रहन गएको र थप २ दुई ठाउंमा उक्त लाईट जडान गर्न आवश्यकता समेत भएकाले बोलपत्र पेश गर्दाका बखत बोलपत्रदाताले पेश गरेको दररेटमा नै छनौट भएको बोलपत्रदाता जी-५ ट्रेडर्स एण्ड सप्लायर्स गणेशपुर २ लम्की, कैलालीबाट कामकाज गर्ने गराउने गरी थप २ स्थानमा हाईमस्ट लाईट जडान गर्ने गरि भेरियसन गर्न प्राविधिकलाई जिम्मा दिने निर्णय गरियो।

**प्रस्ताव नं. २ योजनाको कार्यान्वयन सम्बन्धमा।**

निर्णय नं. २ प्रस्ताव नं. २ माथि छलफल गर्दा लम्कीचुहा नगरपालिका अन्तर्गतको शहरी शासकीय पूर्वाधार तर्फका योजनाको कार्यानवयनका लागि गठित नगरस्तरिय समन्वय समितिको निर्णय बमोजिम छनौट भएका योजनाहरुको प्रभावकारी कार्यान्वयनका लागि सम्पूर्ण वडाहारुलाई अनुरोध गरि सम्झौता प्रक्रिया यथाशिघ्र अगाडी बढाउने निर्णय गरियो।

**प्रस्ताव नं. ३ कार्यविधी स्वीकृत गर्ने सम्बन्धमा।**

निर्णय नं. ३, प्रस्ताव नं. ३ माथि छलफल गर्दा लम्कीचुहा नगरपालिका मार्फत यस कार्यपालिका बैठकमा पेश हुन आएका तपशील अनुसारका कार्यविधिहरु स्वीकृत गर्ने निर्णय पारित गरियो।

**तपशिल**

१. संक्षिप्त वातावरणीय अध्ययन प्रतिवेदन तथा प्रारम्भिक वातावरणीय परिक्षण स्वीकृत गर्ने सम्बन्धी कार्यविधी, २०७९
२. लम्कीचुहा नगरपालिकाका महिला सामुदायिक स्वास्थ्य स्वयमसेविकाको सेवा सुविधा सम्बन्धी कार्यविधि, २०७९

**प्रस्ताव नं. ४ भौतिक योजना र भवन निर्माण मापदण्ड २०७९ संसोधन सम्बन्धमा।**

निर्णय नं. ४ प्रस्ताव नं. ४ माथि छलफल गर्दा लम्कीचुहा नगरपालिकाको भौतिक योजना र भवन निर्माण मापदण्ड २०७९ को परिच्छेद ३ को दफा ३.२ मा रहेको भवन मापदण्डहरुको प्रावधान अन्तरगत आवासीय भवनको न्युनतम प्लट क्षेत्र ०-०-११ लाई संसोधन गरि ०-०-७ कायम गर्ने शंसोधन गर्ने निर्णय पारित गरियो।

**प्रस्ताव नं. ५ रकम भूक्तानी सम्बन्धमा।**

निर्णय नं. ५ प्रस्ताव नं. ५ माथि छलफल गर्दा लम्कीचुहा नगरपालिकाको कार्यालयद्वारा लम्कीचुहा नगरपालिकाका विभिन्न खोलाहरुबाट नदिजन्य पदार्थको संकलन तथा विक्रिका लागि खटाईएको कर्मचारी तथा व्यक्तिहरुलाई संकलन गरेको रकमको १० प्रतिशतले हुन आउने रकम राजश्व शाखाको टिप्पणी आदेश अनुसार आन्तरिक स्रोतबाट पारिश्रमिक शिर्षकबाट भूक्तानी गर्ने निर्णय पारित गरियो।

लम्कीचुहा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
भजनी, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल

**प्रस्ताव नं. ६ रोयल्टी रकम संकलन सम्बन्धमा।**

निर्णय नं. ६ प्रस्ताव नं. ६ माथि छलफल गर्दा लम्कीचुहा नगरपालिकाको कार्यालयद्वारा पटक पटक रोयल्टी संकलन तथा विक्रिका लागि बोलपत्र आह्वान गर्दा समेत कुनै पनि बोलपत्रदाताले सम्झौता र बोलपत्र पेश नगरेको हुँदा साविकमा कर संकलन तथा विक्रिका लागि खटाईएका व्यक्तिहरु तथा अन्य थप व्यक्तिहरुबाट नदिजन्य पदार्थको रोयल्टी संकलन गर्ने गराउने निर्णय पारित गरियो।

**प्रस्ताव नं. ७ तराई मधेश समृद्दीको योजनाको शिर्षक परिवर्तन गर्ने सम्बन्धमा।**

निर्णय नं. ७ प्रस्ताव नं. ७ माथि छलफल गर्दा आ व २०७९/०८०को लागि संघीय सरकारबाट हस्तान्तरित कार्यक्रम (शशर्त अनुदान) शीर्षक अन्तर्गत स्वीकृत लम्की बहुमुखी क्याम्पसको अधुरो कम्प्लेक्स भवनमा दोस्रो तला निर्माण लम्की चुहा नगरपालिका वडा न १ को योजनालाई उक्त क्याम्पसको मुचुल्का तथा निर्णय बमोजिम लम्की बहुमुखी क्याम्पसको नयाँ कम्पलेक्स निर्माण शीर्षकमा परिवर्तन गरी योजना कार्यान्वयन गर्ने निर्णय गरियो।

**प्रस्ताव नं. ८ जग्गाको भोगाधिकार सम्बन्धमा।**

निर्णय नं.८ प्रस्ताव नं. ८ माथि छलफल गर्दा नेपाल सरकारद्वारा आ.व. २०७९।०८० मा लम्कीचुहा नगरपालिकामा ट्रमा सेन्टर निर्माणका लागि छनौट भएकोमा योजनाको कार्यान्वयनका लागि लम्कीचुहा नगरपालिका भल्का, कैलाली प्रस्तावक रहने गरि लम्कीचुहा नगरपालिका वडा नं. १ मा पर्ने पूर्व-पश्चिम ग्राबेल सडक उत्तर रानी जमरा नहर र दक्षिण महेन्द्र राजमार्ग चारकिल्ला भित्र पर्ने गरि ५ हेक्टर (करिब ७.५ बिगाहा) जग्गाको भोगाधिकारका लागि बनक्षेत्रको प्रारम्भिक वातावरण परिक्षण गर्नुपर्ने भएकोले सो का लागि प्रदेश वन मन्त्रालय, डिभिजन बन कार्यालय र सव डिभिजन वन कार्यालयसंग समन्वय गरि प्रक्रिया अगाडी बढाउने निर्णय गरियो।

**प्रस्ताव नं. ९ घ वर्गको ईजाजत उपलब्ध गराउने सम्बन्धमा।**

निर्णय नं. ९ प्रस्ताव नं. ९ माथि छलफल गर्दा लम्कीचुहा नगरपालिकामा पेश हुन आएका निवेदनहरुको प्राविधिक चेकजाँच तथा आवश्यक कागजातहरुको जाँच गर्दा "घ" वर्गको निर्माण व्यवसायी ईजाजत पत्र सम्बन्धी कार्यविधि, २०७५ बमोजिम बिर एण्ड सन्स कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि. लम्किचुहा नगरपालिका वडा नं. ०६, कैलालीलाई घ वर्गको ईजाजत पत्र उपलब्ध गराउने निर्णय गरियो।

**प्रस्ताव नं. १० रकम विनियोजन गर्ने सम्बन्धमा।**

निर्णय नं. १०, प्रस्ताव नं. १० माथि छलफल गर्दा लम्कीचुहा नगरपालिकाका विभिन्न चोकहरुमा जडान गरिएका हाईमस्ट लाईटको पोलमा सिसिटिभी जडान गर्न, लम्कीचुहा नगरपलिकाको कार्यालय भित्र निर्माण भएको ब्याडमिन्टन कोर्ट निर्माण र वडा नं.२,३ र ६ मा वाल फर्म, क्यानवास र प्यानल पर्दा को कार्य प्राविधिकको लागत स्टिमेट वमोजिम आवश्यक पर्ने रकम आ.व. २०७९।०८० को स्वीकृत बार्षिक कार्यक्रम अन्तर्गतको समपुरक कोषबाट उपलब्ध गराउने निर्णय पारित गरियो।

लम्कीचुहा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
भल्का, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल

**प्रस्ताव नं. ११ खेलकुदका लागि आवश्यक रकम उपलब्ध गराउने सम्बन्धमा।**

निर्णय नं. ११, प्रस्ताव नं. ११ माथि छलफल गर्दा लम्कीचुहा नगरपालिकामा संचालन भएका तपशिल बमोजिमका खेलकुद कार्यक्रमहरुका लागि देहाय अनुसारको रकम लम्कीचुहा नगरपालिकाको आ.व. २०७९।०८० को स्वीकृत बार्षिक कार्यक्रम अन्तर्गतको समपुरक कोषबाट उपलब्ध गराउने निर्णय गरियो।

**तपशिल**

१. एकेन्द्र बडुवाल स्मृति कप व्याडमिन्टन प्रतियोगिताका लागि रु. ६०,०००।–

२. प्याब्सन कप फुटबल प्रतियोगिताका लागि रु. २,५०,०००।-

**प्रस्ताव नं. १२ आर्थिक सहायता रकम उपलब्ध गराउने सम्बन्धमा।**

निर्णय नं. १२, प्रस्ताव नं. १२ माथि छलफल गर्दा लम्कीचुहा नगरपालिकाको कार्यालयमा पेश हुन आएका निवेदन बमोजिम तपशील अनुसारको आर्थिक सहायता आ.व. २०७९।०८० को स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गतको अन्य आर्थिक सहायता शिर्षकबाट उपलब्ध गराउने निर्णय गरियो।

**तपशील**

१. टिकापुर साहित्य समाजलाई महोत्सवका लागि रु. ३५,०००।–

२. होली कार्यक्रमका लागि लम्की होलि समितिलाई रू. ८०,०००।-, भल्का होली समितिलाई रु. १५,०००।-, व्यवस्थित नगर होलि समितिलाई रु. १५,०००।-, प्रतापपुर होलि समितिलाई रु. १५,०००।-, र गुलरा होलि समितिलाई रु. १५,०००।–

३. नेपाल लोकतान्त्रिक थारु संघलाई रु. १०,०००।-

**प्रस्ताव नं. १३ अस्पतालको ईमरजेन्सी कोठा मर्मत तथा सामाग्री खरिद सम्बन्धमा।**

निर्णय नं. १३ प्रस्ताव नं. १३ माथि छलफल गर्दा लम्कीचुहा नगरपालिका वडा नं. १ मा रहेको लम्कीचुहा अस्पतालमा रहेको ईमरजेन्सी कोठा पार्टिसन र मर्मत गर्न आवश्यक पर्ने रकम लम्कीचुहा नगरपालिकाको आ.व. २०७९।०८० को स्वीकृत बार्षिक कार्यक्रम अन्तर्गतको समपुरक कोषबाट प्राविधिकको लागत स्टिमेटको आधारमा विनियोजन गर्ने र अस्पतालको लागि आवश्यक पर्ने स्वास्थ्य उपकरण सम्बन्धित निकायमा माग गर्ने निर्णय पारित गरियो।

**प्रस्ताव नं. १४ योजनाको म्याद थप तथा समझौता वमोजिमको रकम उपलब्ध गराउने सम्बन्धमा।**

निर्णय नं. १४ प्रस्ताव नं. १४ माथि छलफल गर्दा लम्कीचुहा नगरपालिका, झोलुगेंपुल क्षेत्रगत कार्यक्रम र झोलुगें पुल निर्माण समिति बिच भएको समझौता वमोजिमको रकम आ.व. २०७९।०८० को स्वीकृत समपुरक कोषबाट शान्तिटोल कोपिला सामुदायिक वन झोलुगें पुल निर्माण समिति वडा नं.३ लाई रु.७५३४८५। र पथरैया धन्चैया झोलुगें पुल निर्माण समिति वडा नं.९ लाई रु.७४२६४५।उपलब्ध गराउने निर्णय गरियो। साथै पथरैया धन्चैया झोलुगें पुल निर्माण समितिको वडा नं.९ को म्याद २०७९ साल बैशाख मसान्त सम्म थप गर्ने निर्णय गरियो।

लम्कीचुहा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
भल्का, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल